"कृषि, खानी, पर्यटन र पुर्वाधार,सम्बृद्ध शुभकालिकाको आधार"

## शुभकालिका गाउँपालिका

## चौथो गाउँ सभामा प्रस्तुत आ. व. २०७७/२०७८ को वार्षिक बजेट, नीति तथा कार्यक्रम

श्रद्धेय सभाध्यक्षज्यु
गाउँ सभा सदस्यज्युहरु ।

नेपालको संविधान २०७२, संघीय सरकार एवं प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई मध्यनजर गर्दै स्थानीय सरकारले नीति, कार्यक्रम तथा बजेट मार्फत विकासको मार्गचित्र निर्माण गर्ने उद्देश्यले आगामी आर्थिक वर्ष २०७७/२०७८ को वार्षिक बजेट नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु । सर्बप्रथम कोभिड-१९ कोराना भाईरसको महामारी तिब्र रुपमा फैलिरहेको अवस्थामा पनि हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँ सभामा उपस्थित गाउँ सभाका सदस्यज्युहरुलाई शुभकालिका गाउँ कार्यपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

नेपालको संविधान जारी भए पश्चात स्थानीय तहको चुनाव पछि चौथो बर्षमा शुभकालिका गाँउपालिकाको आ.व. २०७७/२०७८ को वार्षिक वजेट नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र जनयुद्ध लगायत प्रदेश स्थापनाको आन्दोलनमा ज्यान गुमाउनु हुने शहिदहरु, बेपत्ता पारिएका व्यक्ति तथा घाईते योद्धाहरुलाई उच्च सम्मान प्रकट गर्दछु ।

आज बिश्व कोरोना भाईरस (कोभिड-१९) संक्रमणका कारण आक्रान्त भएको छ, जसको असर नेपालको कर्णाली प्रदेश हुदै कालीकोटमा पनि परेको छ । शुभकालिका गाउँपालिकाका देश भित्र र देश बाहिर रहेका ६७५ जनालाई उद्धार गरी क्वारेन्टाईनमा राखिएको थियो । जस मध्ये २२५ जनालाई **RDT** र ५४९ जनाको **PCR** गरिएको थियो । यस जोखिमपुर्ण परिस्थितिमा अग्रपंतिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, स्वयम सेवक, जनप्रतिनिधि, पत्रकार, सवारी चालक, व्यापारी र कोरोना नियन्त्रणमा सहयोग गर्नु हुने सम्पुर्ण दिदी बहिनी दाजुभाईहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

नेपालको दुर्गम कर्णाली प्रदेश कालिकोट जिल्लाको शुभकालिका गाउँपालिकामा एकातर्फ आर्थिक, सामाजिक, मानवीय श्रोत, सडक, विद्युत, स्वास्थ्य, शिक्षाको हिसाबले पछाडी परेको गाउँपालिका हो भने अर्कोतर्फ भौगोलिक, सांस्कृतिक, सम्पदाको धनि, सौन्दर्यताले सिंगारिएको विर सपुतहरुको तपोभूमि यो गाउँपालिका धेरै सम्भावना ओगटेर बसेको भुमि हो । यस गाउँपालिकामा जम्मा २९८१ घरधुरी र कुल जन संख्या १७,९२० रहेको छ । सक्रिय उमेरका ४२ प्रतिशत युवाहरु मध्ये ५५ प्रतिशत रोजगारीको लागि भारत लगायत अन्य खाडी मुलुकमा गएर काम गर्न बाध्य छन् । यस गाउँपालिकाका ८२ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न भए तापनि आफ्नो उत्पादनबाट सरदर ३ महिना मात्र खान पुग्ने घरधुरी २५ प्रतिशत, ३ देखि ६ महिनासम्म खान पुग्ने ३८ प्रतिशत, ६ देखि ९ महिनासम्म खान पुग्ने २८ प्रतिशत र बाह्रै महिना खान पुग्ने ९ प्रतिशत घरधुरी रहेका छन । यस गाउँपालिकाको बार्षिक औसत उत्पादन १.३ मे टन प्रति हेक्टर रहेको छ जुन राष्ट्रिय औसत उत्पादन भन्दा कम देखिन्छ । आधुनिक व्यवसायिक कृषि प्रणाली, उन्नत जातका पशुपालन तथा बजारीकरणको अभावले कृषि क्षेत्रमा अपेक्षित उपलब्धि हुन सकेको छैन ।

कर्णाली लोकमार्गसँग आशिंक रुपमा जोडिएको भए तापनि गाँउपालिकाको केन्द्र लगायत स्थानीय बजार केन्द्रहरुसम्म सडक सञ्जाल जोड्न नसकिएको कारण स्थानीय स्तरमा उत्पादित कृषि तथा वनजन्य बस्तुहरुको राम्रो बजारिकरण हुन सकेको छैन । शुभकालिका गाउँपालिका जल जंगल, खनिज,जडीबुटी, वन्यजन्तु, पशुपालन, [illegible] श्रोत भएको गाउँपालिका हो । यी कराहरुको संरक्षण र उपयोग गर्न सकिएमा

हुनेछ । विकासका आयमहरुलाई यथार्थतामा बदल्न भौतिक विकासको साथसाथै मानवीय विकासलाई समेत सँगसँगै लैजानु पर्ने अपरिहार्यता रहेको छ । यस गाउँपालिकामा ४४ वटा बालविकास केन्द्र, २० वटा आधारभुत विालय, ७ वटा माध्यामिक विद्यालय संचालनमा छन् । यस गाउँपालिकाको विद्यार्थी भर्ना दर ९८ प्रतिशत, विद्यालय छाड्ने दर ३ प्रतिशत भए तापनि महिला साक्षरता ६१.८१ प्रतिशत ६३.८६ गरी कुल ७९ प्रतिशत मात्र देखिन्छ । यस गाउँपालिकामा शिक्षाको गुणस्तर सुधारका साथै प्रविधि मैत्री शिक्षाको व्यवस्था गरि सबै सरोकारवालाहरु जिम्मेवार भएर लाग्नु पर्ने देखिन्छ ।

**"कृषि ,पर्यटन, खानी र पूर्वाधार : समृद्ध शुभकालिकाको आधार"** यस गाउँपालिकाको दिर्घकालीन अठोट हो । शुभकालिकाको समग्र विकासको लागि नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरू गन्तव्यमा पुग्न निर्देशित गर्ने आधार हुन । गाउँपालिकाले शैक्षिक, आर्थिक र सामाजिक रूपान्तरण मार्फत समृद्धि हासिल गर्ने संकल्प गरेको छ । उक्त संकल्पको सफल कार्यान्वयनका लागि पुर्वाधारहरूको विकास, योजनाहरुको प्रभावकारी अनुगमन, सुशासन तथा संस्थागत विकास, भौतिक संरचनाहरुको संरक्षण र सकारात्मक सोचको विकास हुनु जरुरी छ । यसका लागि सरोकारवालाहरुसँगको छलफल तथा विज्ञहरुको सुझावलाई समेत मध्यनजर गरी उल्लेखित परिकल्पनालाई सान्दर्भिक वनाउन शुभकालिका गाउँपालिकाले लिएका नीति तथा कार्यक्रम प्रस्तुत गर्न सभाध्यक्ष समक्ष अनुमति चाहन्छु ।

१. गाँउपालिकाको समग्र विकासका साथै उत्पादन बृद्धि तथा रोजगारी सिर्जना गर्न कृषिमा प्रविधि हस्तान्तरण, कृषि यान्त्रीकरण, पकेट क्षेत्र विस्तार, टोल टोलमा अगुवा कृषक प्रोत्साहन, अर्गानिक र स्थानीय उत्पादनमा आधारित साना उद्योग संचालन लगायतका नीति कार्यान्वयन गरिनेछ ।
२. **युवा उद्यमी प्रोत्साहन कार्यक्रम** अन्तर्गत ५० वटा भेडा, ५० वटा बाख्रा, ५ वटा भैसी पाल्ने युवा उद्यमीलाई मासिक रु २ हजारका दरले प्रोत्साहन भत्ता, गोठालोलाई आवश्यक सामग्री सहयोग र उन्नत जातका थुमा, बाख्रा तथा राँगा वितरण गरिने छ ।
३. गाँउपालिकाको केन्द्रसम्ममा यसै आ.व.मा सडकको पहुचँ पुर्याईनेछ, साथै सबै वडाहरुलाई सडक सञ्जालसँग जोड्ने नीति लिईनेछ ।
४. विशेष आवश्यकता भएका गर्भवती, वहु अपांगता भएका व्यक्ति, बेसहारा तथा महामारी, मुटुरोग, क्यान्सर, मृगौला पीडित, पाठेघर सम्बन्धि समस्या भएका व्यक्तिहरुलाई उपचारका लागि जिल्ला बाहिर लिनु पर्ने भएमा उपचारका लागि सहयोग गरिने छ ।
५. **वहुक्षेत्रीय पोषण कार्यक्रम**लाई प्रभावकारी रुपमा कार्यान्वयन गरी पोषण वगैंचा, कुपोषित वालवालिका लाई पौष्टिक आहारा वितरण, पोषण कर्नर स्थापना, नियमित स्वास्थ्य जाँच तथा पोषिलो पिठो वडा स्तरमा नै वितरण गरिने छ ।
६. विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय र प्रहरी चौकीमा व्यक्तिगत सरसफाईका लागि वास कर्नर स्थापना गरिने छ ।
७. गाउँपालिकाका सवै वडाका कुपोषणबाट ग्रसित महिला तथा बालबालिकाहरुको लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिदै सन्तुलित, पोषण र विविधतायुक्त खानाको लागि सचेतनामुलक कार्यक्रम तथा प्रदर्शनीहरु सञ्चालन गरि पौष्टिक खानेकुरा खानेबानीको विकास गरी कुपोषणमुक्त गाउँपालिका बनाउन **पोषण मैत्री गाउँपालिका कार्यक्रम** संचालन गरिने छ ।
८. स्थानीय स्तरमा पाइने रैथाने बालीहरु (मकै,कोदो,जौ,फापर,जुनेलो,चीनो,कागुनो आदि) जुन पोषणको हिसावले ज्यादै महत्वपुर्ण छन् ती अन्नबालीहरुको प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरि कृषकलाई प्रोत्साहन गरिनेछ भने किसानले उत्पादन गरेका त्यस्ता अन्नहरु गाउँपालिकाले खरिद गरि प्राकृतिक प्रकोप, महामारी तथा भोकमरीको समयमा राहतको रुपमा वितरण गर्ने नीति अवलम्वन गरिनेछ । प्रत्येक वडाको उपयुक्त स्थानमा आवश्यक खेल तथा मनोरञ्जन सामग्री सहितको बाल उद्यान बनाईनेछ ।
९. बालविकास केन्द्रका निश्चित मापदण्ड बनाई प्रत्येक बर्ष कम्तीमा ५ वटा बाल विकास केन्द्रलाई नमुना बालविकास केन्द्र बनाईनेछ । समुदायमा आधारित बाल विकास केन्द्रलाई समेत व्यवस्थित बनाईनेछ । बाल विकास केन्द्रको भौगोलिक दुरी र बिद्यार्थी संख्याको आधारमा बाल विकास केन्द्रलाई समायोजन गरिनेछ ।
१०. विद्यालय छोडेका बालबालिकाहरुका लागि खुला विद्यालय मार्फत विद्यालय तहको शिक्षा पुर्याउने र भौगोलिक

११. गाउँपालिका भित्रका अपांगता भएका बालबालिकाहरुका लागि आधारभुत आवासीय स्रोत विद्यालय बनाउनेछ। अपाङ्गता भएका व्यक्ति, दलित, बिपन्न, जनजाति र कठिन परिस्थितिबाट आएका बालबालिकाहरूलाई बिद्यालयमा ल्याउन र तिनीहरूलाई टिकाइ राख्न बिशेष **सामाजिक समावेशीकरण कार्यक्रम** लागु गरिनेछ।

१२. विद्यालयको तह र विद्यार्थी संख्यालाई दृष्टिगत गरी शैक्षिक मापदण्डका आधारमा शिक्षक कर्मचारीको दरबन्दी कायम तथा मिलान गरी दरबन्दी अनुरुप प्रत्येक विद्यालयमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्तिको व्यवस्था गरिनेछ।

१३. गाउँपालिकामा शिक्षाको गुणस्तर कायम गर्न गुणस्तरीय मापन/मानक तयार गरि बिद्यालयको वर्गीकरण तथा स्तर र आवश्यकता अनुसारको सहयोग गर्ने नीति लिईनेछ। गाउँपालिकामा निर्धारित गुणस्तर मापदण्ड तथा सूचकहरुको आधारमा गुणस्तरीय शिक्षालाई परिभाषित गरी त्यसका लागि आवश्यक व्यवस्थापन गरिनेछ।

१४. गाउँपालिका भित्र संचालित बिद्यालयहरु स्थानीय मापदण्डका आधारमा नक्सांकन गरी समायोजन तथा स्थानान्तरण गरिनेछ। आधारभूत तहका बालबालिकाले आधा घण्टा र माध्यमिक तहका बालबालिकाले एक घण्टाको दुरी भन्दा बढी हिड्नु नपर्ने गरी विद्यालय मिलान वा स्थापना गरिने छ।

**सभाध्यक्ष महोदय,**

१५. विद्यालयहरूले न्यूनतम रूपमा खेलकुद, रेडक्रस, सामाजिक सेवा, नेपाल स्काउट, सेवा दल, सांस्कृतिक कार्यक्रमहरूको आयोजना, सङ्गीत, गणित, ओलम्पियाड, विज्ञान प्रतियोगिता, वादविवाद, निबन्ध लेखन, कविता लेखन, कृषि उत्पादन, अध्ययन भ्रमण खेलकुद, शारीरिक व्यायाम,योग जस्ता विविध कार्यक्रमहरूलाई अनिवार्य रूपले सञ्चालन गर्नुपर्ने व्यवस्था गरिनेछ।

१६. जल सम्पदा, वन सम्पदा, खनिज सम्पदा, जडिबुटी, माटो सम्पदा, कला र संस्कृति जस्ता विषयमा विशिष्टीकृत अनुसन्धान केन्द्रहरू निर्माण गरिनेछ। कृषि उत्पादन ,फलफुल र तरकारी सम्बन्धि अनुसन्धानमुलक स्थानीय पाठ्यक्रम बनाई यसै बर्ष देखि लागु गरिनेछ।

१७. गाउँपालिकाको मौलिक कला र संस्कृति चित्रकला, मूर्तिकला, काष्ठकला, प्रस्तरकला, परम्परागत कला एवं प्रविधि, विविध वाध्यवाधन, विविध गीत तथा संगीतलाई समेटेर विशिष्टतामा आधारित कला तथा संस्कृति संग्रहालयको स्थापना गरिनेछ।

१८. गाउँपालिकामा कम्तीमा एउटा सार्वजनिक पुस्तकालयको स्थापना गरी सुचना तथा सञ्चार प्रविधियुक्त आधुनिक पुस्तकालय स्थापना तथा सञ्चालन गरिनेछ।

१९. स्थानीय श्रम बजारको आवश्यकता र प्राथमिकताका आधारमा बेरोजगार युवाहरुको लागि योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासमा पहुँचको अवसर प्रदान गर्नका लागि गाउँपालिकाको पायक पर्ने स्थानमा एक व्यवसायिक तालिम केन्द्र सञ्चालन गरिने छ।

२०. बहुआयामिक गरिबीको क्षेत्र भित्र परेका, गरिबी परिचय पत्र प्राप्त गरेका, बहिस्करणमा परी बहुपक्षीय मारमा परेका, सामाजिक हिंसा, आर्थिक रूपमा पछाडि परेका, दलित, लोपोन्मुख, सीमान्तकृत, अपाङ्गता भएका साथै उच्च शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित भएकाहरूका लागि आवासीय सुविधा सहितको प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासको अवसर प्रदान गर्ने नीति लिईएको छ।

२१. गाउँपालिकामा कम्तीमा एउटा श्रोत साधन सम्पन्न प्राविधिक शिक्षालय स्थापना र विकास गरिनेछ। स्थानीय बजारको आवश्यकताका आधारमा सीप नक्साङ्कन र तोकिएको मापदण्डका आधारमा सबै वडामा प्राविधिक, बहुप्राविधिक तथा व्यवसायिक शिक्षा प्रशिक्षण केन्द्र तथा सीप प्रदायक संस्थाहरूको स्थापना गरिनेछ।

२२. सामुदायिक पुस्तकालय र सामुदायिक सुचना केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रसँग जोडेर सुदृढ सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गरी यस्ता सिकाइ केन्द्रहरूलाई आजीवन सिकाइ र निरन्तर शिक्षाको केन्द्र बनाईनेछ।

२३. खुला तथा दुर शिक्षाका कार्यक्रमहरू सञ्चालनका लागि छुट्टै शैक्षिक रेडियो कार्यक्रमहरूको विकास गरिनेछ।

२४. सबै खाले बालवालिकालाई सक्षम बनाउन बालबालिकाहरूको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा

२५. विद्यालय तथा बाल विकास केन्द्रहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ । साथै अपांगता भएका बालबालिकाहरुलाई घरमै विद्यालय मार्फत पढाउने व्यवस्था गरिनेछ ।

२६. निर्माणात्मक मुल्यांकनलाई पुर्णरुपमा कार्यान्वयन गरी लिखित परीक्षा मात्र नभएर प्रयोगात्मक परीक्षा, परियोजनामा आधारित, समुह कार्यमा आधारित, विद्यार्थी केन्द्रित अभ्यासलाई समेत मुल्याङ्कनको आधार बनाईने छ । ,

२७. विद्यार्थीको मुल्याङ्कनको आधारमा विद्यार्थीका सिकाइका सबल तथा कमजोर पक्ष, विद्यार्थीले थप प्रयास गर्नु पर्ने पक्ष, शिक्षकले गर्नु पर्ने थप शैक्षणिक क्रियाकलाप समेत स्पष्ट हुने गरी विद्यार्थीको प्रगति विवरण समय समयमा अभिभावकलाई उपलब्ध गराउने र आवश्यक परामर्श गर्ने व्यवस्था मिलाईनेछ । ,

२८. आधारभुत तहको प्रत्येक कक्षामा विद्यार्थीको प्रोफाईल बनाई सिकाइ प्रगति तथा क्रियाकलापको अभिलेख र अन्तिम परीक्षाको नतिजा समेतलाई एकीकृत गरी ग्रेड निर्धारण गरिने छ ।

२९. विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउनेछ । हरेक विद्यालयमा विद्यार्थी, शिक्षक र अभिभावकको सक्रियतामा बगैंचा निर्माण, नियमित रुपमा वृक्षारोपण र संरक्षण कार्यक्रम गरी फुलवारी तथा फलफुल लगायतका बोटविरुवाले विद्यालय सु-सज्जित गरी वातावरण मैत्री हरित संस्थाको रुपमा विकास गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

३०. सरकारी तथा गैरसरकारी संघ संस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाई सम्बन्धी आधारभुत ज्ञान, पूर्वतयारी र प्रतिकार्यसम्बन्धी व्यवहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय निकाय, समुदाय तथा संघ संस्थाहरूलाई परिचालन गरी विद्यालयको घेरबार, खेल मैदान, विद्यालय जाने आउने बाटो र विद्यालयको आन्तरिक तथा वाह्य वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवम् अपाङ्गतामैत्री बनाईनेछ ।

३२. सार्वजनिक विद्यालयको सामाजिक परिक्षणलाई विद्यालय अनुदानको लागि अनिवार्य शर्तका रुपमा व्यवस्था गरिनेछ ।

३३. विद्यार्थी संख्या, भौतिक पुर्वाधार, जनशक्ति व्यवस्थापन, विद्यालयको तह, परीक्षाको परिणाम, गुणस्तर, खेलकुद, अतिरिक्त क्रियाकलाप तथा सह क्रियाकलाप, व्यवस्थापकीय कुशलता तथा प्रभावकारिताका आधारमा विद्यालयहरूको स्तर निर्धारण गरिनेछ ।

३४. विद्यालय तहको शैक्षिक सेवा प्रवाहमा सुधारका लागि राम्रा विद्यालयको अध्ययन भ्रमण, घुम्ति शिक्षण, घुम्ति बैठक र विद्यालय व्यवस्थापन समितिहरू बिच ज्ञानको आदान प्रदान गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

३५. विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन गाउँपालिका र विद्यालय व्यवस्थापन समितिबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षणको व्यवस्था मिलाउने । स्थानीय तहबाट अनुगमन तथा सुपरिवेक्षण गर्दा अवस्था अनुसार स्थलगत तथा विद्युतीय दुबै प्रकारका माध्यमबाट गरिनेछ ।

३६. हरेक विद्यालयका प्रधानाध्यापकले वार्षिक रूपमा विद्यालयको व्यवस्थापकीय गतिविधि र सिकाइ गुणस्तरको विषयमा गाउँपालिका समक्ष प्रतिवेदन बुझाउने व्यवस्था गरिनेछ ।

३७. कार्यसम्पादन मुल्याङ्कन क़रार सम्झौता कार्यान्वयन गरिनेछ । वार्षिक कार्यसम्पादन मुल्याङकनमा उत्कृष्ट हुने शिक्षकलाई विद्यालय तथा स्थानीय तहले वार्षिक रूपमा पुरस्कार तथा सम्मान प्रदान गर्ने व्यवस्था गरिनेछ ।

३८. स्थानीय स्तरमा पाईने जडिबुटीहरुको संरक्षण, दिगो उपयोग, प्रशोधन तथा बजारीकरण गरिनेछ ।

३९. गाउँपालिकाको योजनाबद्ध विकासका लागि जलउपयोग गुरुयोजना, आवधिक योजना, शिक्षा नीति, विपद व्यवस्थापन कार्ययोजनाको पुर्ण कार्यान्वयन गरिनेछ ।

४०. शिक्षाको गुणस्तर बृद्धि तथा शिक्षालाई समयानुकुल बनाउन **प्रविधिमैत्री शिक्षा कार्यक्रम** लागु गरिनेछ ।

४१. अनिवार्य परियोजना तथा कक्षाकार्य शिक्षक र अभिभावक बीच सहकार्य अभियान संचालन गरी अध्ययनमा निरन्तरता, निर्धारित सिकाइ उपलब्धि हासिल गर्न स्थानीय तह, घर-परिवार, अभिभावक, विद्यालय सबैले साझा जिम्मेवारी लिने व्यवस्था गरिनेछ ।

४२. महिला, दलित, जनजाति तथा सिमान्तकृत जाति र समुदायलाई शसक्तिकरण गर्नका लागि **लक्षित वर्ग विशेष कार्यक्रम** लागु गरिनेछ । लैंगिक हिंसाबाट पीडित महिलाहरुको उद्धार, उपचार तथा आयआर्जनका लागि **लैंगिक हिंसा निवारण कोषको** स्थापना गरी आवश्यक सहयोग गरिने छ ।

४३. **प्रधानमन्त्री रोजगार कार्यक्रम** तथा **मुख्यमन्त्री रोजगार कार्यक्रम** मार्फत बेरोजगार तथा कोरोना प्रभावित युवाहरुलाई प्राथमिकतामा राखी उनीहरुको रोजगारी तथा जीविकोपार्जनका लागि कार्यक्रम संचालन गरी दिगो रोजगारी श्रृजना गरिने छ ।

४४. गाउँपालिकामा रहेका वेरोजगार व्यक्तिहरुको लगत संकलन तथा अद्यावधिक गर्नुका साथै रोजगार सेवा केन्द्र र रोजगार व्यवस्थापन सुचना प्रणालीलाई व्यवस्थित गरिने छ ।

**सभाध्यक्ष महोदय,**

४५. गाउँपालिकालाई सवै सुचकहरु पुरा गरी स्थानीय बालमैत्री शासन लागु भएको गाँउपालिका घोषणा गरिनेछ ।

४६. संरक्षणको आवश्यकता भएका अभिभावक विहीन बालबालिकाहरुको बाल हित कोष स्थापना गरी, सुविधा सम्पन्न बाल गृह स्थापना गरिनेछ ।

४७. सामुदायिक स्वास्थ्य इकाईमा आवश्यक दरवन्दी माग गरी प्रत्यक वडामा प्रभावकारी र सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरिने छ ।

४८. गाउँपालिकामा १५ शैयाको अस्पताल वनाई स्वास्थ्य प्रयोगशाला स्थापना गरी विषेशज्ञ डाक्टरको व्यवस्थाको लागि कार्य प्रारम्भ गरिने छ।

४९. बेरोजगार युवाहरुलाई सीपमुलक तालिम प्रदान गरी आत्मनिर्भर र स्वरोजगार वनाईने छ ।

५०. न्यायिक सेवालाई व्यवस्थित गर्न न्याय सम्पादन कक्ष स्थापना गरिने छ । साथै न्यायिक समिति मार्फत मेलमिलाप समितिका पदाधिकारीहरुलाई ४८ घण्टे तालिम संचालन गरिने छ ।

५१. **फलफुल पकेट क्षेत्र विकास कार्यक्रम** अन्तर्गत कम्तिमा एक घर १०० वोट फलफुल फलाउने लाई एकमुष्ठ १०,०००। बराबरको प्रोत्साहन स्वरुप प्रविधि तथा औजार उपलब्ध गराईने छ ।

५२. भ्रष्टाचार नियन्त्रणका लागि शुन्य सहनशिलताको नीति अवलम्वन गरी स्थानीय तहबाट प्रदान गरिने सेवालाई चुस्त दुरुस्त, पारदर्शी, छरितो र प्रभावकारी वनाईने छ ।

५३. कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त वनाउनका लागि तथ्याङ्कमा आधारित मासिक प्रतिवेदन पेश गर्ने, मासिक वैठक संचालन तथा अनिवार्य रुपमा चौमासिक समिक्षा गरी उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई गाउँ सभाबाट पुरस्कृत गरिने छ ।

५४. संचारलाई प्रभावकारी वनाउन घुमथलामा रहेको टावरको क्षमता वृद्धि गरी फोर जी सेवा संचालनको लागि पहल गरिने छ ।

५५. गाउँपालिकामा रहेको रेडियो शुभकालिका एफ. एम. मार्फत चेतना अभिवृद्धि, विपद पुर्व तयारी, सामाजिक कुरीतिको अन्त्य तथा सामाजिक जागरणका लागि **विशेष रेडियो कार्यक्रम** संचालन गरिने छ । गाँउपालिका अन्तर्गतका शाखा, वडा कार्यालय तथा संघ संस्थाहरुले तेश्रो पक्ष समेतको सहभागितामा सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ ।

५६. स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थको सम्भाव्यता अध्ययन गरी एक वडा एक उद्योग स्थापना गर्ने नीति अवलम्वन गरिनेछ ।

५७. गाउँपालिकाको क्षेत्रभित्र रहेका काईनाईट, टुर्मालिन, क्वार्ज, क्रिष्टल तथा स्लेट लगायतका खानीहरुको उत्खनन् कार्यमा सहजीकरण गरी सो बाट प्राप्त हुने रोयल्टीलाई नियमित तथा व्यवस्थित गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

५९. स्थानीय स्तरमा आवश्यक वस्तु तथा सेवाको सहज उपलब्धता तथा बजारीकरणका लागि हाट बजार संचालन, मेला महोत्सव आयोजना तथा संकलन केन्द्र स्थापना गरिने छ ।

६०. **जनताको धन, जल जडिवुटी वन्यजन्तु र वन** भन्ने मुल नारालाई साकार पार्न वन तथा वातावरणको संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समितिको पुनर्गठन, कार्ययोजना, नविकरण, पुर्जीलाई व्यवस्थित तथा वन रक्षक परिचालन गरी वन जंगलको संरक्षण गरिने छ ।

६१. **खोरिया तथा बाँझो जग्गामा वृक्षारोपण कार्यक्रम** अन्तर्गत दिवश विशेष वृक्षारोपण, जरिवाना वापत वृक्षारोण तथा दिवंगत व्यक्तिको सम्झनामा रुख रोप्ने अभियान संचालन गरिने छ ।

६२. गाउँपालिकामा कम्तीमा एउटा वनमा आधारित नर्सरी स्थापना गरी वृक्षारोपणका लागि आवश्यक पर्ने विरुवा स्थानीय स्तरमा नै उत्पादन गरिने छ ।

६३. रेडपाण्डा, बाघ लगायतका दुर्लभ वन्यजन्तु संरक्षणका लागि **विशेष कार्यक्रम** संचालन गरिने छ ।

६४. गाउँपालिकाको महामारी तथा प्रकोपको जोखिम बिश्लेषण गरी विपद् व्यवस्थापन तथा प्रतिकार्यका लागि कोष स्थापना तथा पुर्वतयारी योजना कार्यान्वयन गरिनेछ ।

६५. सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गर्न यस गाँउपालिकाका सवै सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुलाई बैकं खाता मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने र उनीहरुको फोटो सहितको विवरण अध्यावधिक गरिनेछ ।

६६. सबै वडामा शान्ति सुरक्षाको प्रत्याभूति गर्न भर्ता र कालिकामा समेत प्रहरी चौकी स्थापनाको लागि आवश्यक प्रक्रिया अगाडि बढाईनेछ ।

६७. गाँउपालिकाको जोखिम, असुरक्षित तथा अव्यवस्थित बस्तीलाई एकीकृत बस्ती विकास कार्यक्रम लागु गरी उपयुक्त स्थानमा नमुना वस्ती निर्माण गर्ने र कर्णाली प्रदेश सरकारको विशेष अनुदानमा दलित एकीकृत बस्ती विकासको कार्यक्रम संचालन गरिनेछ ।

६८. शुभकालिका गाउँपालिकाको सडक पहुँच विस्तारको लागि व्याउली-पान्तडी, सेरी-पान्तडी, आठबीस-भर्ता सडकको निरन्तरताको लागि प्रदेश तथा संघमा माग गरिनेछ ।

६९. गाँउपालिकाका निर्माणाधिन थुमचौर-दहचौर, भर्तागाड-राराकाटिया, डौठा-रिउमुला-पर्साम खोला-सुकाटिया लगायतका सडकलाई निरन्तरता दिईनेछ । साथै प्रस्तावित मोल्फा-घट्टेगाड, बद्रिगाउँ- राराघाट हुदै राराकाटिया, काली-भर्तागाड-सुन्दर गाउँ हुदै पर्सामखोला, दैखोला-छाती-तिजथला हुदै भर्ता छेलोहान्ना, किलाहान्ना- भर्ता, भुवानथान-भर्ता, रातीमाटी-थुनी भर्ता, तेस्रो वजार तिपगाड हुदै सुकाटिया लगायतको सडक निमार्णको लागि आवश्यक बजेट व्यवस्थाका लागि पहल गरिनेछ ।

७०. गाँउपालिकामा राष्ट्रिय प्रशारण लाईन जडानको लागि पहल गरिनेछ । निर्माणाधिन स्थानीय लघु जलविद्युत योजनाहरुको बाँकी काम तत्काल सम्पन्न गरी यसै बर्ष देखि हाउडीगाड र भलेटा जलविद्युत योजनालाई संचालनमा ल्याईनेछ । साथै भर्तागाड लघु जल विद्युत योजनाको निर्माण कार्यलाई निरन्तरता दिनको लागि पहल गरिनेछ ।

७१. चंखेली इनर्जी प्रा.लि को साझेदारीमा शुभकालिका गाँउपालिका वडा नं.४, चौरीमा निर्माणाधीन अवस्थामा रहेको सोलार विधुतीकरण आयोजना सम्पन्न गरि वडा नं. ४ र ५ मा विद्युत सेवा पुऱ्याइने छ ।

७२. जलबायु परिर्वतन, प्राकृतिक प्रकोप नियन्त्रण तथा जोखिम न्युनीकरण गर्न पहिरो तथा नदी नियन्त्रणका लागि योजना तर्जुमा गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

७३. जनतालाई स्वच्छ खानेपानीको पहुँच पुऱ्याउनका लागि **एक घर एक धारा**को नीति अवलम्वन गर्न खानेपानी तथा सरसफाईको क्षेत्रमा काम गर्ने सरोकारवाला निकायसँग समन्वय, सहकार्य र साझेदारी गरिने छ ।

७४. गाउँपालिकाको खानेपानी तथा सरसफाईलाई योजनावद्ध वनाउनको लागि डिजिटल जि.पि.एस.प्रणालीमा आधारित खानेपानी तथा सरसफाई स्वच्छता सम्वन्धी दिर्घकालिन रणनैतिक योजना तयार गरिने छ ।

७५. सडक निर्माणका कारण भत्किएका सिचाई, खानेपानी तथा अन्य संरचनाको तत्काल पुन निर्माण गरिने छ ।

७७. गाउँपालिकाको स्वामित्वमा रहेका सार्वजनिक सम्पत्ति, विद्युतीय सामानहरु तथा अन्य सम्पुर्ण सम्पत्तिको संरक्षण, प्रयोग र मर्मत संभारका लागि सम्पत्ति व्यवस्थापन प्रणाली तयार गरी कार्यान्वयन गरिने छ ।

७८. गाउँपालिकाको कृषि क्षेत्रको विकासका लागि खाद्यान्न उत्पादनमा आधुनिकीकरण, नगदेवाली खेती, गैरकाष्ठ वन पैदावार, दुग्ध जन्य पदार्थ, मह उत्पादन, च्याउ खेती प्रवर्द्धन गर्न **विशेष कार्यक्रम** लागु गरिने छ ।

७९. व्यवसायिक पशुपालन अन्तर्गत गाउँपालिकामा उन्नत जातका वाखाको श्रोत केन्द्र स्थापना गरिने छ ।

८०. पालिका स्तरमा रहेका कृषक समुह, पशु पालन समुह र अन्य समुह, सहकारी तथा निजी फर्महरुको सुचीकृत, प्रवर्द्धन तथा स्तरोन्नति गरिने छ ।

८१. कृषि उत्पादनका लागि प्रयोग भईरहेको रासायनिक मल तथा विषादीको प्रयोगलाई न्युनीकरण गरी जैविक मल उत्पादन उद्योग स्थापना, कृषक बाली पाठशाला, भकारो सुधार प्रोत्साहन तथा अर्गानिक कृषि उत्पादनमा जोड दिईने छ ।

८२. गरिबी निवारण कोष मार्फत स्थापित तथा सञ्चालित सामुदायिक संस्थामा वितरण गरिएको घुम्ती कोषको रकम परिचालन गरी सहकारीमा आवद्ध गरिनेछ । साथै महिला सहकारीको व्यवस्थापन तथा संस्थागत विकासका लागि अनुदान प्रदान गरिनेछ ।

८३. गाँउपालिका मार्फत प्रवाह हुने सेवालाई प्रविधिसँग जोडी छिटो छरितो बनाउन सफ्टवयर प्रणाली लागु गरिनेछ ।

८४. कोरोना भाईरस (कोभिड-१९) को विश्वव्यापी महामारी बिरुद्धको लडाईमा खटिएका स्वास्थ्यकर्मी, कर्मचारी, जनप्रतिनिधि तथा स्वयम् सेवकहरुको कोरोना बीमा गरिनेछ ।

८५. सामाजिक सुरक्षा तथा बालपोषण कार्यक्रमलाई प्रत्येक बर्ष अध्यावधिक शिविर संचालन गरी नयाँ परिचयपत्र वितरण गर्ने व्यवस्था गरिनेछ ।

८६. गाँउपालिकाको सम्पुर्ण तथ्यांक संकलन तथा व्यवस्थापनका लागि गाँउपालिकामा कार्यरत सम्पुर्ण साझेदार संस्थाका कर्मचारीहरुलाई परिचालन गरिनेछ । गाउँपालिकामा रहेका उपभोक्ता समितिहरुलाई अभिमुखिकरण गरी योजना निर्माण कार्यतालिका बनाई निर्माण कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाईने छ ।

८७. प्रत्येक वडामा व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाईन पद्धतिमा अवलम्बन गरिनेछ ।

८८. गाउँपालिकाका कृषिमा स्नातक तह तथा Medical Science मा MBBS अध्ययन गर्ने गरीब तथा जेहेन्दार विद्यार्थीहरुका लागि **उच्च शिक्षा छात्रवृत्ति कोष** स्थापना गरी छात्रवृत्ति रकम प्रदान गरिनेछ ।

८९. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई मासिक १००० का दरले प्रोत्साहन भत्ता उपलब्ध गरिनेछ ।

९०. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि तालिम, गोष्ठी, सेमिनार तथा अवलोकन भ्रमणका कार्यक्रमहरु संचालन गरिनेछ ।

९१. राजस्व संकलनको आधारमा वडाहरुलाई थप बजेट वितरण गर्ने प्रणालीको सुरुवात गरिनेछ ।

९२. राजश्व वृद्धिका लागि राजश्व संकलन हुने क्षेत्र तथा श्रोतहरुको पहिचान गर्न विशेष कार्यक्रम वनाईने छ ।

९३. गाँउपालिकामा कार्यरत कर्मचारीहरुको प्रोत्साहनको लागि संचार तथा खाजा खर्च प्रदान गरिनेछ ।

९४. युवाहरुलाई खेलकुदमा प्रोत्साहन बढाउन पालिका स्तरीय अध्यक्ष कप, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन तथा जिल्ला भित्र तथा बाहिर संचालन हुने खेलकुद प्रतियोगितामा खेलाडीहरुलाई सहभागिताका लागि प्रोत्साहन गरिनेछ ।

९५. साना तथा घरेलु उद्योग संचालन गर्ने युवाहरुलाई व्यवसाय विस्तारका लागि अनुदान तथा सहुलियत ब्याजको ऋण उपलब्ध गर्ने व्यवस्था गरिनेछ ।

९६. जीर्ण भएका भौतिक संरचनाहरुको लगत संकलन गरी आवश्यक मर्मत सम्भार गर्ने व्यवस्था गरिनेछ ।

९७. लघु उद्यम विकास कार्यक्रम अर्न्तगत उद्यमीहरुको पहिचान गरी उद्यम संचालन तथा संचालनमा रहेका उद्यमहरुको स्तरोन्नति गरिनेछ ।

९८. गाउँपालिकामा रहेका युवाहरुलाई विकास निर्माणका काममा सहभागिताका लागि स्वयं सेवक परिचालन गरिने छ । साथै गाउँपालिकामा संचालित योजनाहरुको अनुगमनमा राजनैतिक दल तथा विज्ञहरुको समेत सहभागिता गराईने छ ।

९९. कोभिड–१९ को महामारी न्यूनीकरणलाई उच्च प्राथमिकता दिई यसको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारको व्यवस्था गर्दै गाउँपालिका भित्र आवश्यक औषधी एवं औषधिजन्य सामग्रीको सहज आपूर्ति र उपलब्धता सुनिश्चित गरि महामारीबाट जनतालाई सुरक्षित राखिनेछ ।

१००. सबै नागरिकलाई सुरक्षित राख्न जनस्तरमा मनोसामाजिक परामर्श सहितका सचेतानामुलुक कार्यक्रम संचालनका साथै घरेलु उपचार विधिबाट रोग प्रतिरोधी क्षमता बढाउने कार्यलाई प्रोत्साहन गरिनेछ ।

१०१. स्वास्थ्य क्षेत्रको सवलीकरण गर्न आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता, खोप सेवाको सुनिश्चितता, औषधी एवं उपकरणको उपलब्धता, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य पूर्वाधार विकास, स्वास्थ्यकर्मीको उपलब्धता, स्वास्थ्यकर्मी तथा स्वास्थ्यसँग सम्बन्धित जनशक्तिको क्षमता विकास, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, दीर्घ रोगीलाई उपचार तथा नियमित औषधी सेवनको व्यवस्था, पोषण कार्यक्रम, स्वच्छ र सन्तुलित आहारा सरसफाइ र स्वास्थ्य सचेतना, एम्बुलेन्स सेवा, औषधी तथा स्वास्थ्य सामग्री स्टोर कक्ष व्यवस्थापन जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखि संचालन गरिने छ ।

१०२. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै बासिन्दाहरू विशेष गरी महिला, बालबालिका, गरीब, सिमान्तकृत, जेष्ठ नागरिक समेतको पहुँच वृद्धि गरिने छ ।

१०३. गाउँपालिकामा यस आ.व.मा आयुर्वेद केन्द्र स्थापना तथा संचालन गर्नका लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

१०४. गाउँपालिकाको आय व्यय लाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि लेखा सहजिकरण समिति गठन, चौमासिक रुपमा आन्तरिक लेखा परिक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाईने छ ।

१०५. आन्तरिक लेखा परिक्षण ऐन, कार्यविधि तथा निर्देशिका निर्माण गरिने छ ।

१०६. उपाध्यक्ष सुत्केरी कोसेली, एकल महीला सहयोग, बालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**सभाध्यक्ष महोदय,**

अब म आ.व. २०७६/०७७ मा विनियोजित बजेट खर्च र प्रगति प्रस्तुत गर्न चाहन्छु ।

(क) आ.व. २०७६।०७७ मा यस गाउँपालिकामा भएको आयमध्ये नेपाल सरकारको अनुदान अन्तर्गत अन्तर सरकारी वित्तीय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. १२ करोड ४४ लाख ९ हजार, वित्तीय समानीकरण अनुदान अन्तर्गत ९ करोड २२ लाख, राजश्व बाँडफाँड अनुदान तर्फ ५ करोड ६६ लाख, प्रदेश सरकार समानिकरण अनुदान १ करोड १ लाख २४ हजार, प्रदेश राजश्व बाँडफाँड २ लाख १७ हजार, बैंक खाता छोरीको सुरक्षा जिवन भरीको कार्यक्रम संचालनका लागि प्रदेशको अनुदान ३ लाख, प्रदेश विशेष अनुदान तर्फ ६० लाख, प्रदेश समपुरक अनुदान तर्फ १ करोड १५ लाख, गरिवसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत रु. ५ लाख ६८ हजार, पञ्जीकरण तर्फ १२ लाख ७ हजार, मुख्यमन्त्री रोजगार कार्यक्रम १ करोड ३ लाख ७८ हजार गरी कुल वजेट रु. ३१ करोड २४ लाख ८८ हजार प्राप्त भएको थियो भने अघिल्लो वर्षको मौज्दात रु. ३० लाख ७ हजार ३ सय १६ रुपैया ५५ पैसा रहेको थियो ।

(ख) आ.व. २०७६।०७७ मा रु.१० लाख आन्तरिक राजश्व संकलन गर्ने लक्ष्य राखिएकोमा रु. २ लाख ५० हजार १ सय ५० मात्र राजश्व संकलन भएको छ ।

| वजेट शिर्षक | विनियोजित वजेट | | खर्च वजेट | |
|---|---|---|---|---|
| | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| चालु तर्फ | १८,४९,६१,०००/- | १८ करोड ४९ लाख ६१ हजार मात्र । | ११,०६,३८,०००/- | ११ करोड ६ लाख ३८ हजार ८ सय ६३ मात्र । |
| पुँजिगत तर्फ | ११,७१,४९,०००/- | ११ करोड ७१ लाख ४९ हजार । | २,५३,९८,६९०/- | २ करोड ५३ लाख ९८ हजार ६ सय ९०। |
| कुल वजेट | ३०,२१,१०,०००/- | ३० करोड २१ लाख १० हजार मात्र । | १३,६०,३७,५५३/- | १३ करोड ६० लाख ३७ हजार ५ सय ५३ मात्र । |

१. सेरी भर्ता, नैनेलडाँडा १० कि.मी, बुढाघाट काली चौलागाइवाडा सडक मर्मत, देवल डाँडा थुमचौर दहचौर १८०० मिटर, रिउमुला देखि राराकाटिया २ कि.मि., छेलाहान्ना छाती १ कि.मि. सडक खन्नेकाम सम्पन्न भई नियमित रुपमा साना गाडीहरु संचालनमा आएका छैन् । त्यसैगरी कर्णाली प्रदेश सरकारबाट पान्तडी सेरी १० करोड, व्याउली पान्तडी २ करोड, सेरी पान्तडी १४ करोडको टेन्डर भई निर्माण कार्य आरम्भ भएको छ ।

२.वडा नं. ३ को बाँझथलामा नमस्ते टावर जडान कार्य अन्तिम चरणमा पुगेको छ ।

३. महादेव मा.वि. राराकाटियामा कृषि प्राविधिक शिक्षालय स्वीकृत भई डिप्लोमा तहको कक्षा संचालन भएको छ ।

४. यस गाँउपालिकाका १४ जना कोरोना संक्रमित मध्ये १३ जनाले कोरोनालाई जितेका छन् भने १ जनाको आइसोलेसनमा उपचार भई रहेको छ । त्यसै गरी देश तथा विदेशका विभिन्न ठाँउमा अलपत्र परेका ६७५ जनालाई गाँउपालिकाको सहयोगमा उद्धार गरिएको छ । विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) को महामारीबाट प्रभावित देश भित्र तथा देश बाहिरबाट आएका ६७५ जनालाई क्वारेन्टाईनमा राखी ५४९ जनाको PCR र २२५ जनाको RDT परिक्षण गरी होम क्वारेन्टाइनमा बस्ने गरि पठाइएको छ । सबै वडाका ६५६ वटा विपन्न घरपरिवारलाई राहत स्वरुप चामल, दाल, तेल र नुन वितरण तथा स्वास्थ्य सरसफाईका सामाग्रीहरु वितरण गरिएको छ ।

५. गाउँपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत गाउँपालिकाका ८१९ जना वेरोजगार युवाहरुलाई रोजगार प्रदान गरिएको छ जसवाट गाउँपालिकाका सवै वडामा १० वटा योजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन ।

६. गाउँपालिका तथा हेल्भेटास नेपालको साझेदारीमा गाउँपालिकाको आवधिक योजना तयार गर्ने कार्य सम्पन्न गरिएको छ ।

७. शुभकालिका गाउँपालिकाको कार्यालय परिसरमा सेवाग्राहीलाई खानेपानी तथा हात धुने पानीको व्यवस्था गरिएको छ ।

८. गाउँपालिकावाट प्रदान गरिने सेवालाई छिटो छरितो तथा प्रभावकारी वनाउनका लागि नागरिक बडापत्र तयार गरी सेवाग्राहीहरुलाई सुसुचित पार्ने कार्य गरिएको छ ।

९. संघीय सरकारको विशेष अनुदानबाट गुणस्तरीय शिक्षाका लागि प्रविधि मैत्री शिक्षा तथा पोषणमैत्री गाउँपालिका वनाउन विभिन्न कार्यक्रमहरु संचालन गरिने छन ।

१०.सामाजिक सुरक्षा भत्ता पाउने सवै नागरिकहरुको फोटो सहितको विवरण अध्यावधिक गर्ने कार्यको सुरुवात गरिएको छ ।

११.गाउँपालिकावाट प्रदान गरिने सेवाहरुलाई छिटो छरितो र प्रभावकारी वनाउनका लागि आवश्यक कर्मचारीको नियुक्ती, पदस्थापना, परिचालन तथा अनलाईन प्रणाली मार्फत लेखा राख्ने कार्यको सुरुवात गरिएको छ ।

१२. गाउँपालिकामा रहेका वेरोजगार युवाहरुको विवरण संकलन गरी रोजगार सेवा केन्द्रमा रोजगार व्यवस्थापन सुचना प्रणालीको स्थापना गरिएको छ ।

१३.शिक्षाविद विद्यानाथ कोईरालाको उपस्थितिमा शिक्षा समिति तथा प्रधानाध्यापकहरुलाई सकारात्मक सोधखोज सम्बन्धी तालिम प्रदान गरिएको छ ।

१४.सवै तहका विद्यालयहरुको वार्षिक परिक्षा पालिका स्तरमा प्रश्न निर्माण तथा कक्षा ८ को परिक्षा पुर्ण रुपमा पालिकाले संचालन गरेको छ ।

१५.शैक्षिक तथ्यांक व्यवस्थापन तथा फर्जी विद्यार्थीहरु घटाई विद्यालयमा जाने अनुदानहरु स्पष्ट र पारदर्शी वनाइएको छ ।

१६.दुई वटा सामुदायिक विद्यालय र एउटा निजी विद्यालय तथा एउटा बाल विकास केन्द्रलाई नजिकको विद्यालयमा समायोजन गर्ने कार्य सम्पन्न भएको छ ।

१७. सामाजिक विकास कार्यालयद्वारा दहाल माध्यमिक विद्यालय, सकारियाको ६ कोठे भवनको निर्माण कार्य अन्तिम

आ.वि.सञ्ज्यालवाडाको ३ कोठे भवन र पञ्चकालिका मा.वि.मुग्राहामा wash मैत्री शौचालय निर्माणधिन अवस्थामा रहेका छन ।

१८. किर्डाक नेपाल, कालिकोट मार्फत विभिन्न विद्यालयहरुमा शिक्षा, तालिम, छाना मर्मत, वाल मैत्री धारा, शौचालय निर्माण, जोखिममा रहेका वालवालिकाहरुलाइ शैक्षिक सामग्री वितरण गरिएको छ । गाउँपालिका र किर्डाक नेपालको साझेदारीमा उपाध्यक्ष वालिका संरक्षण कार्यक्रम मार्फत ४ जना घरविहीन वालिकाको घर निर्माणाधिन र ३ जना वालिकाको घर मर्मत भईरहेको छ ।

१९. गाउँपालिकाका ३८ वटा टोलमा साक्षरता कक्षा संचालन गरी थप ९७१ जना निरक्षर हरुलाई साक्षर वनाउने कार्य गरिएको छ ।

२०. हेल्भेटास नेपालको सहयोगमा गाउँपालिकाका ५ वडामा एक घर एक धारा अन्तर्गत ३८१ वटा खानेपानी धारा निर्माण गरी ३८१ घरपरिवारलाई खानेपानी सेवा उपलब्ध गराउने कार्य अन्तिम चरणमा पुगेको छ ।

२१. यस गाँउपालिका अर्न्तगत ५ वटा वडामा सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने शुभकालिका-८, मा बर्थिङ्ग सेन्टरको भवन निर्माण कार्यको टेन्डर भइ ठेक्का सम्झौताको प्रक्रियामा रहेको छ ।

२२. यस बर्ष विभिन्न वडामा ३ वटा सिचाई कुलो, ११ वटा खानेपानी योजना, १० वटा सिचाई पोखरी निर्माण कार्य सम्पन्न भएको छ ।

२३. गाँउपालिका मार्फत हुने सम्पुर्ण रकम निकासा कृषि विकास बैकं सुकाटिया मार्फत हुन थाले पछि सेवाग्राहीहरुलाई मान्म जानु पर्ने बाध्यताको अन्त्य भएको छ ।

२४. कर्णाली प्रदेश सरकारको लोकप्रिय कार्यक्रम **बैक खाता छोरीको सुरक्षा जीवन भरीको** कार्यक्रम मार्फत ११० जना छोरीहरुको वैंक खाता खोल्ने कार्य सम्पन्न भएको छ ।

२५. घरपालुवा पशुहरुमा फैलिने महामारी रोग नियन्त्रणका लागि रेविज, पि.पि.आर खोप लगाउने तथा आन्तरिक तथा वाह्य परजिवीका लागि औषधी उपचार गर्ने कार्य गरिएको छ ।

२६. पाँच ठाउँमा वास कर्नर स्थापना गरिएको छ ।

२७. विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था वा व्यक्तिको सहयोग र समन्वयमा पाँच वटा विद्यालयमा सोलार जडान गरिएको छ ।

२८.कर्मचारी तथा जनप्रतिनिधिको सहभागितामा कार्यालय परिसर सफा र स्वच्छ राख्न फुलवारी बगैंचा निर्माण गरिएको छ ।

२९. गाउँपालिकाका सवै वडामा टर्की जातका १२०० ओखरका विरुवा वितरण गरिएको छ ।

३०. कर्णाली प्रदेश सरकारको विशेष अनुदानमा वडा नं. ४ का १५० वटा वाखा वितरण गरिएको छ ।

३१. कृषि कार्यक्रम अन्तर्गत किसानलाई १० हजार ओखर र ४ हजार स्याउका विरुवा वितरण गरिएको छ ।

३२.उपाध्यक्ष कार्यक्रम अन्तर्गत ११५ जना एकल महिलाहरुलाई दशै तिहारको अवसरमा खाद्यान्न वितरण, ३ वटा स्वास्थ्य संस्थामा वेवी वार्मर सहयोग, ८ वटा सिलाई मेशिन सहयोग गर्ने कार्य सम्पन्न गरिएको छ ।

३३.गाउँपालिकामा रहेका सवै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको पुनर्गठन गर्ने कार्य सम्पन्न गरिएको छ ।

यस गाउँ पालिकामा विगतमा गरिएका कार्यहरुको अनुभवलाई संगाल्दै चालु आ.व. मा सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित गरिनेछ । यस गाउँपालिकामा जोखिममा रहेका बालबालिका र असहाय वृद्ध वृद्धाहरुको लागि विशेष कार्यक्रमको व्यवस्था गर्न पहल गरिने छ । उनीहरुले पाउने सामाजिक सुरक्षा भत्ता बैकं खातामार्फत भुक्तानी दिने व्यवस्था गरिने छ । समय अनुकल परिवर्तनसँगै गाउँपालिकाको आवश्यकतालाई समेत मध्यनजर गर्दै हामीले

प्रयास गरेका छौं । सामाजिक विकासको बाधकको रुपमा रहेको सामाजिक अन्धविश्वास र कुरीतिलाई हटाउन हामीले शिक्षा र सचेतना वृद्धि गर्नु पर्छ भन्ने मान्यता लिएका छौ । गाउँपालिकाको विद्यमान गरिवी, वेरोजगारी, अशिक्षा र स्वास्थ्य लगायत विविध समस्यालाई क्रमिक रुपमा समाधान गर्दै (**कृषि, पर्यटन, खानी र पुर्वाधार, सम्बृद्ध शुभकालिकाको आधार"**) को परिकल्पनालाई सान्दर्भिक वनाउन यहाँहरुले प्रदान गर्नु हुने मार्गदर्शनमा शुभकालिका गाउँपालिका सदा क्रियाशिल रहने प्रतिवद्धता समेत निवेदन गर्न चाहन्छु ।

## आगामी आर्थिक वर्षका लागि वजेट तर्जुमा गर्दा लिएका आधारहरु ।

१. नेपालको संविधान, २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु ।,
२. स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएका व्यवस्थाहरु
३. गाउँपालिकाको प्रशासकीय कार्य नियमित गर्ने ऐन, २०७४मा भएका व्यवस्थाहरु
४. दिगो विकासका लक्ष्य (Sustainable Development Goal) ले निर्धारण गरेका प्रमुख लक्ष्य तथा क्षेत्रहरु ।
५. राष्ट्रिय योजना आयोगद्वारा प्राप्त कार्यक्रम तथा वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन ।
६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालयका मार्ग दर्शन, बजेट सीमा एवं परिपत्र
७. प्रथम, दोस्रो र तेश्रो गाउँ सभाले निर्दिष्ट गरेका मार्गदर्शन सिद्धान्त र प्राथमिकताहरु,
८. गाँउपालिकाको आवधिक योजना
८. वस्ती, वडा स्तरीय योजना तर्जुमा गोष्ठी,एकीकृत योजना तर्जुमा, गाउँ कार्यपालिकाको वैठक हुदै सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण सहित प्राप्त भएका माग, योजना तथा सुझावहरु ।
९ राजनीतिक दल, अगुवा नेता, कार्यकर्ता र विज्ञ महानुभावबाट आएका सुझावहरु ।

## वजेटका आधारभुत सोच :

जल, जंगल, खानी, उद्योग, पर्यटन, विद्युतिकरण, आय आर्यजन, शिक्षाको विकास, कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास र स्वरोजगारमूलक कार्यक्रमलाई संगसंगै लैजाने र यस गाउँपालिकाका सम्पूर्ण वडाहरुमा सडक संजाल जोड्दै कृषि क्षेत्रमा व्यवसायिकरण, बजारीकरण तथा यान्त्रिकीरण गर्दै दीगो आर्थिक वृद्धि हासिल गरी जनताको जीवनस्तरमा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

## बजेटका प्राथमिकताहरु :

उल्लेखित उद्देश्य परिपूर्तिका लागि वजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ ।

१. लक्षित वर्ग, कोरना प्रभावितलाई आत्मनिर्भर वनाउन उनीहरुमा उद्यमशिलताको विकास गर्ने ।
२. स्वरोजगारमुखी र समावेशी आर्थिक विकासमा जोड दिने ।
३. जलविद्युत तथा स्थानीय सडक निर्माणलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्दै जाने ।
४. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणमा जोड दिने ।
५. पर्यटन प्रवर्द्धनको माध्यमद्वारा आर्थिक विकासमा जोड दिने ।
६. संचालित आयोजनाहरुको एकीकृत र सघन अनुगमन प्रणाली मार्फत प्रभावकारिता र गुणस्तरमा अभिवृद्धि गर्ने ।
७. स्थानीय सुशासन प्रवर्द्धनमा जोड दिन डिजिटल गाउँपालिकाको रुपमा विकास गर्ने ।
८. प्रविधि मैत्री शिक्षाको विकास गरी शिक्षामा गुणस्तर बृद्धि गर्ने ।
९. कुपोषणको अवस्था विश्लेषण तथा न्युनीकरण गर्न पोषण सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरि पोषण मैत्री गाउँपालिकाको रुपमा विकास गर्ने ।

१९।५।०२ (signature)

सभाध्यक्ष महोदय,

अब म यस गरिमामय गाउँसभामा आगामी आ.व. २०७७।०७८ को आय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

क. आ.व. २०७७।०७८ मा यस गाउँपालिकामा हुने अनुमानित आय मध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरण संघीय सशर्त अनुदान तर्फ रु. १५ करोड ५१ लाख ९ हजार, संघीय वित्तीय समानीकरण अनुदान अन्तर्गत ९ करोड ५३ लाख, संघीय राजश्व वाडँफाँड तर्फ रु ६ करोड ७ लाख २८ हजार १० रुपैया र विशेष अनुदान तर्फ १ करोड ६० लाख गरी **जम्मा ३२ करोड ७१ लाख ३७ हजार १० प्राप्त हुने अनुमान गरिएको छ ।**

ख. कर्णाली प्रदेश सरकारवाट सवारी साधन करको वाँडफाँड तर्फ १ लाख ९३ हजार, वित्तीय समानीकरण अनुदान १ करोड १ लाख ६१ हजार, विशेष अनुदान तर्फ ६० लाख, समपुरक अनुदान तर्फ १ करोड ४० लाख गरि जम्मा **रु ३ करोड ३ लाख ५४ हजार** प्राप्त हुने अनुमान गरिएको छ ।

ग. आन्तरिक राजश्व तर्फ रु. १५ लाख वहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ १२ लाख ३५ हजार, किर्डाक नेपाल, कालीकोटद्धारा सञ्चालित सहयात्रा परियोजनाबाट २ करोड ४८ लाख ४ हजार ५ सय ६३ रुपैया ३३ पैसा, हुरेन्डेक नेपाल हिमाली क्षेत्रका श्रोतहरुको दिगो सदुपयोग परियोजनाबाट ७० लाख ५८ हजार ४ सय ६२, IWRMP हेल्भेटासबाट ९९ लाख ९४ हजार ८ सय ४१, जल वायु परिवर्तन परियोजनाबाट २९ लाख १० हजार, रेडपाण्डा संरक्षण कार्यक्रमबाट २७ लाख १७ हजार ७ सय ४०, हेल्भेटास सजग परियोजना ३ लाख १३ हजार ६ सय ५० गरि जम्मा ५ करोड ५ लाख ३४ हजार २ सय ५६ रुपैया प्राप्त भई **कुल जम्मा (क+ख+ग) रु ४० करोड ८० लाख २५ हजार २ सय ६६ आ.व. २०७७।०७८ मा आम्दानी हुने अनुमान गरेको छु ।**

आदरणीय सभाध्यक्ष ज्यु,

आगामी आ.व. २०७७/०७८ मा प्राप्त हुने कुल बजेटको अनुमानित बजेट खर्च निम्न बमोजिम यस गरिमामय गाउँ सभामा पेश गर्न अनुमति चाहन्छु ।

१ चालु खर्चतर्फ रकम विनियोजन

| खर्च संकेत | खर्च शीर्षक | रकम | स्रोत |
|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १५००००००.०० | संघ राजश्व बाँडफाड |
| २११२१ | पोशाक | १५०००००.०० | संघ राजश्व बाँडफाड |
| २११२३ | औषधि उपचार खर्च | २०००००.०० | संघ राजश्व बाँडफाड |
| २११३१ | स्थानीय भत्ता | ३५०००००.०० | संघ राजश्व बाँडफाड |
| २११३२ | महङ्गी भत्ता | १००००००.०० | संघ राजश्व बाँडफाड |
| २११३४ | कर्मचारी बैठक भत्ता | ३०००००.०० | संघ राजश्व बाँडफाड |
| २११३९ | अन्य भत्ता | ५०००००.०० | संघ राजश्व बाँडफाड |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २५०००००.०० | संघ राजश्व बाँडफाड |
| २११४२ | पदाधिकारी अन्य सुविधा | १५००००००.०० | संघ राजश्व बाँडफाड<br>संघ समानीकरण |
| २२१११ | पानी तथा बिजुली | १०००००.०० | संघ राजश्व बाँडफाड |
| २२११२ | सञ्चार महशुल | ७०००००.०० | संघ राजश्व बाँडफाड |
| २२२११ | इन्धन (पदाधिकारी) | ५०००००.०० | संघ राजश्व बाँडफाड |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७०००००.०० | संघ राजश्व बाँडफाड |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ७०००००.०० | संघ राजश्व बाँडफाड |
| २२२१४ | बीमा तथा नविकरण | ३०००००.०० | संघ राजश्व बाँडफाड |
| २२२२१ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५०००००.०० | संघ राजश्व बाँडफाड |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २०००००.०० | संघ राजश्व बाँडफाड |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | ३५०९०१०.०० | संघ राजश्व बाँडफाड |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २०००००.०० | संघ राजश्व बाँडफाड |
| २२३१४ | इन्धन (अन्य प्रयोजन) | २०००००.०० | संघ राजश्व बाँडफाड |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५०००००.०० | संघ राजश्व बाँडफाड |
| २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ३०००००.०० | संघ राजश्व बाँडफाड |
| २२४१३ | करार सेवा शुल्क | ८५९५०००.०० | संघ समानीकरण र संघ राजश्व बाँडफाड |
| २२४१४ | सरसफाई सेवा शुल्क | ५००००.०० | संघ राजश्व बाँडफाड |
| २२५११ | कर्मचारी तालिम खर्च | ५०००००.०० | संघ राजश्व बाँडफाड |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धि खर्च | २५००००.०० | संघ राजश्व बाँडफाड |
| २२५२२ | कार्यक्रम खर्च (स्वास्थ्य,शिक्षा,महिला तथा बालबालिका र खेलकुद) | १७४००००० .०० | संघ र प्रदेश समानीकरण |
| २२५२९ | विविध कार्यक्रम खर्च | ४०००००.०० | संघ राजश्व बाँडफाड |
| २२६११ | अनुगमन मुल्याङ्कन खर्च | ५०००००.०० | संघ राजश्व बाँडफाड |
| २२६१२ | भ्रमण खर्च | ३८०००००.०० | संघ राजश्व बाँडफाड |
| २२७११ | विविध खर्च | ४५०००००.०० | संघ राजश्व बाँडफाड |
| २२७२१ | सभा सञ्चालन खर्च | १५०००००.०० | संघ राजश्व बाँडफाड |
| २७११२ | अन्य सामाजिक सुरक्षा | ५०००००.०० | संघ राजश्व बाँडफाड |
| २२२१२ | उद्धार, राहत तथा पुर्नस्थापना खर्च (विपद् व्यवस्थापन) | ६००००००.०० | संघ समानीकरण |
| २८१४२ | घरभाडा | १५०००००.०० | संघ राजश्व बाँडफाड |
| २८१४९ | अन्य भाडा | ४०००००.०० | संघ राजश्व बाँडफाड |

## २. पुँजिगत खर्चतर्फ रकम विनियोजन

| खर्च संकेत | खर्च शीर्षक | रकम | स्रोत |
|---|---|---|---|
| ३११२२ | भवन निर्माण | ९९००००० .०० | संघ समानीकरण |
| ३१११५ | फर्निचर तथा फिक्चर्स | ५००००० .०० | संघ समानीकरण |
| ३११२२ | मेशिनरी तथा औजार | १०००००० .०० | संघ समानीकरण |
| ३११३१ | पशुधन तथा बागबानी विकास खर्च | २६००००० .०० | संघ समानीकरण |
| ३११५१ | सडक तथा पुल निर्माण | २४०००००० .०० | संघ समानीकरण |
| ३११५३ | विद्युत संरचना निर्माण | ६०००००० .०० | संघ समानीकरण |
| ३११५५ | सिंचाई संचरना निर्माण | ३०००००० .०० | संघ समानीकरण |
| ३११५६ | खानेपानी संरचना निर्माण | १०००००००.०० | संघ समानीकरण |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | १५३८५०००.०० | संघ समानीकरण |
| | जम्मा बजेट | ७२३८५०००.०० | |

## चालु खर्च शीर्षक अन्तर्गत खर्च विनियोजन र स्रोत मिलान

| खर्च संकेत | खर्च शीर्षक | जम्मा रकम | विनियोजन | स्रोत |
|---|---|---|---|---|
| २११४२ | पदाधिकारी अन्य सुविधा | १५०००००००.०० | ९०६१०००.०० | संघ समानीकरण |
| | | | ५९३९०००.०० | संघ राजश्व बाँडफाड |
| २८९११ | भैपरी आउने चालु खर्च | १६९३०००.०० | १९३०००.०० | प्रदेश राजश्व बाँडफाड |
| | | | १५०००००.०० | आन्तरिक राजश्व |

| खर्च संकेत | खर्च शीर्षक | जम्मा रकम | विनियोजन | स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| २२४१३ | करार सेवा शुल्क | ८५९५०००.०० | ६१५०००.०० | संघ समानीकरण | वडास्तर |
| | | | ७९८००००.०० | संघ राजश्व बाँडफाड | |

## चालु खर्च शीर्षक अन्तर्गत रकम विनियोजन र स्रोत मिलान

| खर्च संकेत | खर्च शीर्षक | जम्मा रकम | खर्च उप शीर्षक | विनियोजन | स्रोत मिलान | स्रोत |
|---|---|---|---|---|---|---|
| २२५२२ | कार्यक्रम खर्च | १७४०००००.०० | शिक्षा | ११००००००.०० | ८३९०००.०० | संघ समानीकरण |
| | | | | | १०१६१०००.०० | प्रदेश समानीकरण |
| | | | स्वास्थ्य | ३०००००० .०० | | संघ समानीकरण |
| | | | महिला तथा बालबालिका | १०००००० .०० | | संघ समानीकरण |
| | | | युवा तथा खेलकुद | ५००००० .०० | | संघ समानीकरण |
| | | | उपाध्यक्ष महिला विशेष कार्यक्रम | १५००००० .०० | | संघ समानीकरण |
| | | | महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन कार्यक्रम | ४००००० .०० | | संघ समानीकरण |

## पूँजिगत खर्चतर्फका खर्च उप शीर्षकहरु/क्रियाकलापहरु

| खर्च संकेत | खर्च शीर्षक | जम्मा रकम | विनियोजन | उपशीर्षक/ क्रियाकलाप |
|---|---|---|---|---|
| ३११११२ | भवन निर्माण | ९९००००००.०० | ४००००००.०० | गाउँपालिका भवन निर्माण योजना |
| | | | ५९०००००.०० | स्वास्थ्य इकाइ भवन निर्माण योजना |
| ३११३१ | पशुधन तथा बागबानी विकास खर्च | २६०००००.०० | ११०००००.०० | कृषि विकास |
| | | | १५०००००.०० | पशु सेवा |
| ३११५१ | सडक तथा पुल निर्माण | २४००००००.०० | १४००००००.०० | भर्तागाड राराकाटिया सडक समपुरक |
| | | | ५०००००००.०० | घट्टेखेत-दहचौर- सुकाटिया सडक |
| | | | ५०००००००.०० | पर्सामखोला-सुकाटिया सडक |
| ३११५६ | खानेपानी संरचना | १००००००००.०० | | खानेपानी तथा सरसफाई योजना समपुरक |

## ३. सशर्त अनुदानको क्षेत्रगत बजेट

| क्र.सं. | कार्यक्रम/शीर्षक | रकम | अक्षरमा |
|---|---|---|---|
| १ | शिक्षातर्फ | ९९५००००००.०० | नौ करोड पन्चानंन्बे लाख |
| २ | कृषि तर्फ | ४१०००००.०० | एक चालीस लाख |
| ३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ६५०००००.०० | पैसठ्ठी लाख |
| ४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | १८०००००.०० | अठार लाख |
| ५ | पशु सेवा/विकास | ५०००००००.०० | पचास लाख |
| ६ | राष्ट्रिय पञ्जिकरण | २८०००००.०० | अट्ठाइस लाख |
| ७ | स्वास्थ्य सशर्ततर्फ | २०९००००००.०० | दुई करोड नौ लाख |
| ८ | नविकरणीय उर्जा | १००००००.०० | दश लाख |
| ९ | लघु उद्यम कार्यक्रम | ३००००००.०० | तीस लाख |
| १० | महिला तथा बालकालिकातर्फ | ३०००००.०० | तीन लाख |
| | कुल जम्मा | १४४९००००००.०० | चौध करोड उनान्पचास लाख |

अन्त्यमा, शुभकालिका गाउँपालिकाको समग्र विकास अभियानमा महत्वपूर्ण सहयोग पुर्याउने सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण शुभकालिका गाउँपालिका वासीहरुका साथै बजेट विनियोजनमा न्यायोचित सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार दुई पक्षीय तथा बहुपक्षीय राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**शुभकालिका गाउँपालिकाको जय होस , गाउँपालिका वासीहरुको जय होस ।**

**धन्यवाद ।**

# गाउँसभाबाट पारित वडास्तरका योजनाहरु

## १ नं. वडाका स्वीकृत योजनाहरु

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण | १४००००० .०० | चौध लाख |
| २ | लक्षित समुह | १००००० .०० | एक लाख |
| ३ | बालबालिका | २००००० .०० | दुई लाख |
| ४ | भैपरी आउने | ३००००० .०० | तीन लाख |
| | जम्मा | २०,००,०००.०० | बीस लाख |

## २ नं. वडाका स्वीकृत योजनाहरु

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | कालिका मा.वि.बालाचौर घेरबार | ३५०००० .०० | तीन लाख पचास हजार |
| २ | अजमारे प्रतिक्षालय निर्माण | ५००००० .०० | पाँच लाख |
| ३ | खानेपानी व्यवस्थापन | ५००००० .०० | पाँच लाख |
| ४ | खेलकुद | १००००० .०० | एक लाख |
| ५ | लक्षित वर्ग | १००००० .०० | एक लाख |
| ६ | बालबालिका | १५०००० .०० | एक लाख पचास हजार |
| ७ | कालाशिल्ला प्रतिक्षालय निर्माण | ३००००० .०० | तीन लाख |
| | जम्मा | २०,००,०००.०० | बीस लाख |

## ३ नं. वडाका स्वीकृत योजनाहरु

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | बुकीमालिका आ.वि. घेरबार तथा खानेपानी निर्माण | ४७५००० .०० | चार लाख पचहत्तर हजार |
| २ | कोटबाडा खानेपानी मर्मत | ५०००० .०० | पचास हजार |
| ३ | तिरुवा टोल धारा मर्मत | ५०००० .०० | पचास हजार |
| ४ | गोठीमुला ई.सि.डि. भवन निर्माण | १००००० .०० | एक लाख |
| ५ | कालासैन मन्दिर निर्माण | २७५००० .०० | दुई लाख पचहत्तर हजार |
| ६ | रिघीदेव मन्दिर निर्माण | २२५००० .०० | दुई लाख पच्चीस हजार |
| ७ | कोट देउती मन्दिर निर्माण | २५०००० .०० | दुई लाख पचास हजार |
| ८ | तल्लो पातलदेखि बल्लखायाचौरसम्म खा.पा.मर्मत | २०००० .०० | बीस हजार |
| ९ | महादेव मन्दिर निर्माण | १७५००० .०० | एक लाख पचहत्तर हजार |
| १० | सियाले खोलादेखि चाखा कुलो मर्मत | ३०००० .०० | तीस हजार |
| ११ | चौलायाधारा खानेपानी मर्मत | २००००० .०० | दुई लाख |
| १२ | डाँडाखला दलितटोल मन्दिर निर्माण | ५०००० .०० | पचास हजार |
| १३ | बालबालिका | १०००००० .०० | एक लाख |
| | जम्मा | २०,००,०००.०० | बीस लाख |

४ नं. वडाका स्वीकृत योजनाहरु

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | वडा कार्यालय जग्गा फिल्ड निमार्ण | ४००००००.०० | चार लाख |
| २ | लक्षित समुह | १५००००.०० | एक लाख पचास हजार |
| ३ | बालबालिका | १५००००.०० | एक लाख पचास हजार |
| ४ | कुटानी पिसानी मिल राराकाटिया | ५०००००.०० | पाँच लाख |
| ५ | युवा तथा खेलकुद | १०००००.०० | एक लाख |
| ६ | भैपरी आउने | ५०५०००.०० | पाँच लाख पाँच हजार |
| | **जम्मा** | **१८०५०००.००** | **अठार लाख पाँच हजार** |

५ नं. वडाका स्वीकृत योजनाहरु

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | सरस्वती आ.वि.अधिकारीवाडा ई.सि.डि. भवन निर्माण | ३०००००.०० | तीन लाख |
| २ | दाहाल मा.वि.सुकाटिया फर्निचर खरिद | ४५००००.०० | चार लाख पचास हजार |
| ३ | रिगौटा देखि कोल्डाँडासम्म घो.बा.निर्माण | ३०००००.०० | तीन लाख |
| ४ | बालीगाड देखि सुकाटियासम्म घो.बा. निर्माण | १०००००.०० | एक लाख |
| ५ | सुकाटिया बजार देखि दाहाल मा.वि.सम्म घो.बा.निर्माण | ५००००.०० | पचास हजार |
| ६ | स्वास्थ्य इकाई कार्यालय व्यवस्थापन | ५००००.०० | पचास हजार |
| ७ | वडा कार्यालय व्यवस्थापन | १५००००.०० | एक लाख पचास हजार |
| ८ | बालबालिका हित कोष | ७००००.०० | सत्तरी हजार |
| ९ | खेलकुद | १०००००.०० | एक लाख |
| १० | अनुगमन मूल्याङ्कन खर्च | १०००००.०० | एक लाख |
| ११ | अन्य सामाजिक सुरक्षा | १५००००.०० | एक लाख पचास हजार |
| | **जम्मा** | **१८२००००.००** | **अठार लाख बीस हजार** |

६ नं. वडाका स्वीकृत योजनाहरु

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | पल्ला दह खानेपानी निर्माण | २०००००.०० | दुई लाख |
| २ | रुडी सिंचाई पोखरी निर्माण | १०००००.०० | एक लाख |
| ३ | हाउडीगाड-काटिया गैरा सिंचाई कुलो निर्माण | ५५००००.०० | पाँच लाख पचास हजार |
| ४ | पानीमुला-भड्गाउँ सिंचाई कुलो निर्माण | ५५००००.०० | पाँच लाख पचास हजार |
| ५ | आधारभुत स्वास्थ्य इकाई कार्यालय व्यवस्थापन | १०००००.०० | एक लाख |
| ६ | अन्य सामाजिक सुरक्षा | ८००००.०० | असी हजार |
| ७ | फिल्टर खरिद | १०००००.०० | एक लाख |
| ८ | कार्यालय व्यवस्थापन | ५००००.०० | पचास हजार |
| ९ | लक्षित वर्ग (बालबालिका,महिला,दलित,अपाड्ग तथा जेष्ट नागरिक ) | १५००००.०० | एक लाख पचास हजार |
| | **जम्मा** | **१८८००००.००** | **अठार लाख असी हजार** |

७ नं. वडाका स्वीकृत योजनाहरु

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | तुषारमुला सिंचाई कुलो निर्माण | २००००.०० | दुई लाख |
| २ | काब्डी रुख सिंचाई कुलो निर्माण | २००००.०० | दुई लाख |
| ३ | कोट ठाँटी पि.सि.सी. बाटो निर्माण | ४००००.०० | चार लाख |
| ४ | आधारभुत स्वास्थ्य इकाई फिल्ड निर्माण तथा कार्यलाय व्यवस्थापन | ४००००.०० | चार लाख |
| ५ | कुमालटोल ढुङ्गे धारा मर्मत | १००००.०० | एक लाख |
| ६ | बाटेपानी -जनकल्याण ई.सि.डी.भवनसम्म घो.बा.निर्माण | २००००.०० | दुई लाख |
| ७ | कार्यालय व्यवस्थापन तथा लक्षित वर्ग | ४००००.०० | चार लाख |
| ८ | खानेपानी तथा सरसफाई सामग्री खरिद | १००००.०० | एक लाख |
| | जम्मा | २०००००.०० | बीस लाख |

८ नं. वडाका स्वीकृत योजनाहरु

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | महादेव मन्दिर मर्मत | ३००००.०० | तीन लाख |
| २ | तल्लो समलागाउँ -सियाला बाटो मर्मत | १५००००.०० | एक लाख पचास हजार |
| ३ | नैनेलदेव आ.वि.शौचालय मर्मत | १५००००.०० | एक लाख पचास हजार |
| ४ | धारा खोला बयाढुङ्गा खानेपानी निर्माण | १५००००.०० | एक लाख पचास हजार |
| ५ | घट्टा खोला धारो निर्माण | १५००००.०० | एक लाख पचास हजार |
| ६ | विपद् व्यवस्थापन (वडास्तरीय) | २८००००.०० | दुई लाख असी हजार |
| ७ | कार्यालय व्यवस्थापन | १५००००.०० | एक लाख पचास हजार |
| ८ | लक्षित वर्ग | २५००००.०० | दुई लाख पचास हजार |
| ९ | भैपरी आउने | ३००००.०० | तीन लाख |
| | जम्मा | १८८००००.०० | अठार लाख असी हजार |

वडानन्द चौलागाईं
गाउँपालिका अध्यक्ष

शुभकालीका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुकाटिया, कालीकोट
२०७३